# तानसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# तानसेन, पाल्पा,प्रदेश नं. ५

## हरित बसपार्क र इन्ड्रसट्रियल भिलेज निर्माण कार्यको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

दोस्रो पटक सूचना प्रकाशित मिति २०७७/०५/३०

तानसेन नगरपालिका नगर कार्यपालिका कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत ***वडा नं. ५ को वनदेवी क्षेत्रमा हरित बसपार्क निर्माण कार्य*** र ***वडा नं. ७ को कुन्सरे क्षेत्रमा इन्ड्रसट्रियल भिलेज निर्माण कार्यको विस्तृत परियाजना प्रतिवेदन (DPR)*** तयार गर्नु पर्ने भएकोले सो को लागि सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ को दफा ६ क. बमोजिम यस तानसेन नगरपालिकामा चालु आ.व.२०७७/०७८ का लागि सूचिकृत भई मौजुदा सूचीमा रहेका परामर्शदाताहरुबाट सार्वजनिक खरिद नियमावली , २०६४ (संशोधन सहित) को नियम ७२ बमोजिम प्राविधिक सहयोग तथा परामर्श सेवा प्राप्त गर्न सम्बन्धित विषय क्षेत्रमा कार्य अनुभव र क्षमता भएका ईच्छुक व्यावसायिक फर्म/परामर्शदाता संस्थाबाट प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक परामर्शदाताहरुले तानसेन नगरपालिकामा सूचिकृत हुनको लागि जम्मा रकम रु ५५०।- यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक पाल्पा शाखामा रहेको खाता नं. ३०३०१००३०४०१०००४ मा जम्मा गरेको भौचर सहित व्यावसायिक फर्म/परामर्शदाता संस्थाको निवेदन, फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ताको प्रतिलिपि, VAT/PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि कागजातहरु तानसेन नगरपालिका को इमेल ठेगाना ito.tansenmun@gmail.com/info@tansenmun.gov.np मा पेश गरी सूचिकृत गर्न सकिनेछ ।

२. ईच्छुक सुचीकृत परामर्शदाताहरुले तानसेन नगरपालिकाबाट वा यस कार्यालयको वेब साइट www.tansenmun.gov.np मा निशुल्क रुपमा उपलब्ध गराईने स्वीकृत RFP Document अध्ययन गरी प्राविधिक र आर्थिक प्रस्ताव तयार गरी संस्थाको आधिकारिक व्यक्तिको सहीछाप र दस्तखत गरी उक्त प्रस्तावहरु छुट्टाछुट्टै खाममा लाहछाप सिलबन्दी गरी पुन: प्रस्ताव एउटा खाममा लाहाछाप सिलबन्दी गरी खाम बाहिर कामको विवरण, फर्मको नाम र छाप लगाई मिति २०७७।०६।२१ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट पेश गर्न सकिनेछ ।

३. म्याद र समयभित्र दर्ता हुन आएको प्राविधिक र आर्थिक प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव मात्र सोही दिन दिनको १:०० बजे तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि प्राविधिक प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन । प्राविधिक प्रस्तावमा योग्य देखिएका परामर्शदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

४. प्रस्तावको छनौटको आधार गुणस्तर र लागत विधि हुनेछ ।

५. प्राविधिक प्रस्तावमा अध्ययन टोलीमा संलग्न हुने सबै जनशक्ति सहितको व्यक्तिगत विवरण परामर्शदाताबाट प्रमाणित गरी पेश गर्नु पर्ने छ ।

६. म्याद नाघी आएका तथा रित नपुगेका प्रस्ताव स्वीकार गरिने छैन ।

७. यस प्रस्ताव माग सम्बन्धी सूचनामा लेखिएका बाहेक अन्य कुराहरु RFP Document, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।

८. यसमा उल्लेख नभएको हकमा प्रचलीत कानून तथा सार्वजनीक खरीद नियमावली अनुसार हुनेछ ।

९. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिकामा सुरक्षित रहनेछ ।

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा